


निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

WFP wfp.org FNCCI

## मुख्य बुँदाहरु

- ***बैशाख २०७० मा अनुगमन गरिएका खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले मौसमी रुपमा देखिने प्रवृति (trend) देखाए; तदनुरुप मौसमी रुपमा सम्बन्धित कृषि उत्पादन रिक्त हुने समयको खाद्य बस्तुहरुको मूल्य सापेक्षिक रुपमा बढ्यो भने हालै भित्र्याइएका बालीहरुको मूल्य भने केही घट्यो।***
- ***नेपाल राष्ट्र बैंक द्वारा बैशाख महिनामा प्रकाशित प्रतिवेदन अनुसार, राष्ट्रिय स्फीतिदर ८.७ प्रतिशतमा कायम रह्यो भने अन्नहरुको मूल्य सूचकाङ्क गत वर्ष सोही समयमा भएको १.९ प्रतिशतले न्यून रहेको तुलनामा हाल १२.८ प्रतिशतले तीव्र बृद्धि भयो।***
- ***भारी वर्षा पश्चात आएको पहिरो तथा बाढीका कारण पहाडी तथा हिमाली क्षेत्रका केही स्थानहरुमा खाद्यान्न आपूर्तिमा नकारात्मक प्रभाव परेको छ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमित रुपमा अनुगमन गरिने बजारहरुमा गत एक महिनामा प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यले मौसमी रुपमा हुने उतारचढाप देखायो। मोटा चामलको मूल्य ३.२ प्रतिशतले न्यून रुपमा बृद्धि भई प्रति किलो ३८.१ भयो भने गहुँको पिठोको मूल्य ५.७ प्रतिशतका दरले मौसमी रुपमा घट्न गई प्रति किलो रु. ३९.४ भयो। गत एक महिनामा मास र मुसुरोको मूल्य क्रमश: ०.१ र ३.३ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भयो र रातो आलुको मूल्य ३.२ प्रतिशतले बृद्धि भयो भने भटमास र तोरीको तेल जस्ता खानेतेलहरुमो मूल्य २ प्रतिशत भन्दा बढीका दरले न्यून रुपमा घट्यो। २०६९ माघ महिनाको तुलनामा मूल्यहरुले मीश्रीत प्रवृति देखाए भने गत वर्ष सोही समयको तुलनामा आलु बाहेक अन्य खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति देखाए।

क्षेत्रीय बजारहरुले भने राष्ट्रिय प्रवृति संग मिल्दोजुल्दो अवस्था देखाए। उदाहरणका लागि मोटा चामलको मूल्यले सम्पूर्ण बजारहरुमा बढ्दो प्रवृति देखायो भने गहुँको पिठोको मूल्यले तराई र सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरुमा घट्दो प्रवृति देखायो। गत एक महिनामा मुख्य उपभोक्ता बजारहरुमा गहुँको पिठोको मूल्य न्यून रुपमा बृद्धि भयो।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा थोक मूल्यहरु सापेक्षिक रुपमा स्थिर रह्यो। कालीमाटी फलफूल तथा तरकारी बजारमा थोक मूल्यले मौसमी रुपमा हुने उच्च उतारचढाव देखायो। उदाहरणका लागि गत एक महिनामा तीते करेला, बन्दा, रामतोरीया, सुकेको प्याज, मुला र पालुङ्गोको मूल्य १० प्रतिशत भन्दा बढीले घट्यो भने घ्यू सीमि, गोलभेडा, काउली र अदुवाको मूल्य निरन्तर रुपमा बृद्धि भयो।

उपभोक्ता मूल्य सूचकाङ्क (CPI) अनुसार २०७० बैशाखमा वार्षीक मूल्य स्फीति गत वर्षको हाराहारीमा अर्थात ८.७ प्रतिशतमा कायम रह्यो। खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष सोही समयमा भएको ७.१ प्रतिशत बृद्धिको तुलनामा ८.७ प्रतिशतले बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क १२.८ प्रतिशतले तीव्र बृद्धि भयो जुन गत वर्ष सोही समयमा १.९ प्रतिशतले घटेको थियो। अन्नहरुको मूल्यमा भएको निरन्तर बृद्धिले खाद्य सुरक्षा अवस्थाको चासोलाई बढाएको छ। यद्यपि, यातायातको मूल्य सूचकाङ्क गत वर्ष सोही समयको १८.० प्रतिशत बृद्धिको तुलनामा ७.४ प्रतिशतले मध्यमस्तरीय रुपमा बृद्धि भयो।

### आपूर्ति


भारी वर्षा पश्चात आएको पहिरो र बाढीले गर्दा पहाडी तथा हिमाली क्षेत्रलाई तराईको बजारसंग जोड्ने सडकहरु अवरुद्ध हुनाले आपूर्तिमा नकारात्मक प्रभाव परेको छ। यसले यातायात लागतमा बृद्धि गराई खाद्य बस्तुहरुको मूल्यमा समेत बृद्धि गराउने अनुमान छ। यस अवस्थालाई निकटबाट अनुगमन गर्न जरुरी छ।

### पूर्वानुमान


अपवादस्वरुप हालै भित्र्याइएको गहुँ बाहेक अन्य खाद्य बस्तुहरुको उच्च मूल्य कायमै रहने अनुमान छ। यसैगरी, अमेरिकी डलरको तुलनामा नेपाली रुपैंयाको अवमूल्यनका कारण आयातीत बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान छ। भारतमा हालै ईन्धनमा भएको मूल्य बृद्धिले नेपालमा पनि ईन्धनको मूल्यमा बृद्धि गराउने अनुमान छ जसले यातायात लागत र खाद्यान्न मूल्य बृद्धि गराउने अनुमान छ। हिउँदे बाली उत्पादनमा भएको न्यून बृद्धिले केही महिनाका लागि भएपनि खाद्यान्न उपलब्धतामा सुधार ल्याउने अनुमान छ। छिटै सुरु भएको मनसुनी वर्षाले अघौटे धान र मकै लगाउनमा मद्दत पुऱ्याएको छ। यद्यपि, हालै भएको भारी वर्षाले बालीमा नकारात्मक प्रभाव पार्ने अनुमान छ। यो अवस्थालाई NeKSAP द्वारा निकटबाट अनुगमन गरिने छ।

| मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन | | | |
|---|---|---|---|
| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
| काउली, अदुवा र गोलभेडा | विभिन्न | > १०.० | मौसम नभएको हुनाले आपूर्तिमा कमि |
| बन्दा, मूला, सुकेको प्याज र रामतोरीया | विभिन्न | >-५.० | बाली भित्र्याउन सुरु भएको र ठूलो उत्पादनका कारण आपूर्तिमा भएको बृद्धि |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

† मूल्यहरु २०७० बैशाख महिनाको मूल्य सँग सम्बन्धित छन्।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन्।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन्।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- बैशाख, २०७०

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३८.० | ५.६ | ५.६ | ५.६ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३७.० | २.८ | ८.८ | २.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | -२.१ | -२.१ | ५.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | -१३.३ | -५.५ | ४.० | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १६५.० | -१.२ | -१.२ | १८.७ | ▶ | ▶ | ▲ |
| | मास | ११३.० | ०.० | ०.० | ७.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | ०.० | ३.० | २४.१ | ▶ | ▶ | ▲ |
| | आलु | २१.० | -२२.२ | -३४.४ | -३४.४ | ▼ | ▼ | ▼ |
| पोखरा | मोटा चामल | ४२.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | २०.० | २०.० | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | -१४.३ | -६.३ | -३.२ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | मास | १२८.० | ०.० | ६.७ | १४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | -१८.० | ०.० | २०.७ | ▼ | ▶ | ▲ |
| | आलु | २५.० | -२१.० | -२८.६ | -२१.९ | ▼ | ▼ | ▼ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३५.० | ०.० | १६.७ | १२.९ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ३५.३ | ०.९ | -१.९ | १७.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४५.० | ११.५ | ७.४ | २.४ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | १४.३ | १७.२ | -१५.८ | ▲ | ▲ | ▼ |
| | तोरीको तेल | १७५.० | -१२.५ | -२.८ | ७.१ | ▼ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | १०.० | १३.८ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | ५.० | -४.५ | ५३.७ | ▶ | ▶ | ▲ |
| | आलु | १५.० | -१६.७ | -५०.० | -३७.५ | ▼ | ▼ | ▼ |
| बिरगंज | मोटा चामल | ३५.० | -२.८ | -२.८ | ९.४ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | -२१.१ | -१८.९ | ७.१ | ▼ | ▼ | ▶ |
| | भटमासको तेल | १६०.० | -१.२ | ३.२ | ८.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | १५.४ | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | मास | १००.० | -२.९ | ०.० | ६.४ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०८.० | ४.९ | ८.० | ४५.९ | ▶ | ▶ | ▲ |
| | आलु | १८.० | २८.६ | -१०.० | -१०.० | ▲ | ▶ | ▶ |
| नेपालगंज | मोटा चामल | ३५.० | -२.८ | २.९ | २५.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३८.० | ०.० | १८.८ | १८.८ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | १०.७ | ०.० | ७.१ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | -१४.३ | -१०.० | ०.० | ▼ | ▶ | ▶ |
| | मास | १२०.० | -७.७ | -७.७ | ४६.९ | ▼ | ▶ | ▲ |
| | मुसुरो | १०३.० | ०.० | ३.० | ३७.३ | ▶ | ▶ | ▲ |
| | आलु | २१.० | ३१.३ | -३४.४ | -१६.० | ▲ | ▼ | ▼ |
| धनगढी | मोटा चामल | ४०.० | ०.० | १४.३ | ६०.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ३३.० | ०.० | १.२ | २६.९ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १३३.० | -१.५ | -१.५ | १०.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ५.६ | २०.० | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १६७.० | ०.० | -५.१ | १६.० | ▶ | ▶ | ▲ |
| | मास | १३४.० | -४.३ | ०.० | ११.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ४.८ | ०.० | ३७.५ | ▶ | ▶ | ▲ |
| | आलु | २०.० | ०.० | -२०.० | -३३.३ | ▶ | ▼ | ▼ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३०.० | ७.१ | ७.१ | १५.४ | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ६६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ४७.४ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ७.७ | २७.३ | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | ०.० | ०.० | १३.३ | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | ०.० | ०.० | २७.६ | ▶ | ▶ | ▲ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | ५.८ | ▶ | ▶ | ▶ |
| | आ | २०.० | ०.० | -१६.७ | ११.१ | ▶ | ▼ | ▶ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३३.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | २०.० | १३.५ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ३.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २९०.० | ३.६ | ११.५ | ३.६ | ▶ | ▲ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | ०.० | -४.२ | ४३.८ | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | ०.० | -१४.३ | -१४.३ | ▶ | ▼ | ▶ |
| रोल्पा | मोटा चामल | ४०.० | १४.३ | ०.० | २१.२ | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | ४०.० | -११.१ | -२७.३ | ०.० | ▼ | ▼ | ▶ |
| | भटमासको तेल | १५०.० | -१४.३ | ७.१ | ३.४ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ३.४ | ११.१ | ७.१ | ▶ | ▲ | ▶ |
| | मास | ११५.० | -८.० | १५.० | -४.२ | ▼ | ▲ | ▶ |
| | मुसुरो | ११५.० | -४.२ | ४.५ | ९.५ | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | ५०.० | ८०.० | ६०.७ | ▲ | ▲ | ▲ |
| साँफेबगर | मोटा चामल | ३६.० | २.९ | २.९ | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | -२०.० | ११.१ | ०.० | ▼ | ▲ | ▶ |
| | भटमासको तेल | ३५०.० | ९.४ | १६.७ | २५.० | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ४.३ | ९.१ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | -२०.० | -२०.० | -२०.० | ▼ | ▼ | ▼ |
| जुम्ला | मोटा चामल | ६०.० | २०.० | २०.० | ३३.३ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ६०.० | -१४.३ | -१४.३ | - | ▼ | ▼ | - |
| | भटमासको तेल | १६०.० | -११.१ | -११.१ | -५.९ | ▼ | ▼ | ▶ |
| | कुखुराको मासु | ४००.० | ५.३ | ५.३ | - | ▲ | ▶ | - |
| | मास | १३०.० | ३०.० | ३०.० | ३०.० | ▲ | ▲ | ▲ |
| | मुसुरो | १४०.० | - | - | ४०.० | ▲ | - | ▲ |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | -३३.३ | ▲ | ▲ | ▼ |
| बाजुरा | मोटा चामल | ३६.० | २.९ | ९.१ | ५.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | -२०.० | ०.० | ११.१ | ▼ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | १६.७ | १६.७ | -१२.५ | ▲ | ▲ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | ०.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २००.० | २५.० | -१३.० | -९.१ | ▲ | ▼ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | -७.७ | ०.० | २०.० | ▼ | ▶ | ▲ |
| | मास | १५०.० | - | - | - | - | - | - |
| | मुसुरो | ३५०.० | - | - | - | - | - | - |
| | आलु | ५०.० | -१६.७ | ०.० | २५.० | ▼ | ▶ | ▲ |
| डोल्पा | मोटा चामल | १२०.० | ०.० | २०.० | ३३.३ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २३०.० | ०.० | -४.२ | १५.० | ▶ | ▶ | ▶ |
| | सीमी | २००.० | २५.० | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मास | २३०.० | ०.० | १५.० | १५.० | ▶ | ▲ | ▶ |
| | मुसुरो | २५०.० | ०.० | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| | आलु | - | - | - | - | - | - | - |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ। थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ। यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कूनै जरुरी छैन।